गौरीशंकर गाउँपालिका ४३ औ कार्यपालिका बैठक

आज मिति २०८२।०५।१८ गते यस गौरीशंकर गाउँपालिकाको ४३ औं कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. अध्यक्ष | श्री विश्वास कार्की |
| २. उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. वडा नं ९ अध्यक्ष | श्री ङिमगेली शेर्पा |
| १२. कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १३. कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १४. कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. कार्यपालिका सदस्य | श्री डोमा शेर्वा |
| १६. कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १७. कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १८. प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

**निर्णय नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस अघि सम्पन्न भएको कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयन स्थितिका बारेमा समिक्षा सम्पन्न भयो ।सो सम्बन्धमा योजना कार्यान्वयनमा द्रुतता ल्याउनलाई थप निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : योजना कार्यान्वयन तालिका सम्बन्धमा**

गौरीशंकर गाउँपालिकाको आ.ब. २०८२।८३ को वडागत योजनाहरु सुत्र प्रणालिमा प्रविष्ट भई कार्यान्वयनमा गएको सम्बन्धमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको लागी अभिमुखिकरण कार्यक्रम यथाशिघ्र दशै चाड पश्चात तालिका बनाई सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७६ को दफा २ को नयाँ ईजाजतपत्र सम्बन्धी व्यवस्था अनुरुप गौरीशंकर गाउँपालिका वडा नं ७ ठेगाना रही यस कार्यालय अन्तर्गत घ वर्गको निर्माण व्यवसायीको रुपमा कामकाज गर्न निवेदन दिनुभएका सि.आर.सि बिल्डर्स प्रा.लि तथा वडा नं ७ ठेगाना रही निवेदन दिनुभएका सि.आर.सि ट्रेड एण्ड सप्लायर्स प्रा.लि लाई पेश भएका कागजातका आधारमा घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं ४ : डिभिजन सडक कार्यालय लाई कार्यान्वयन हुने सडक खण्डको बारेमा पुष्ट्याई गर्ने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा डिभिजन सडक कार्यालयबाट यस आ.ब. २०८२।८३ को भोर्ले तिनेखु ईबिथान चंखु मार्बु च्छोरोल्पा हिमाली पर्यटन सडकमा विनियोजित रु ३ करोडको योजनालाई भोर्ले गाउँपालिका सडकको सामलि खण्डबाट तिनेखु सम्मको बाटोलाई कालोपत्रे गर्ने गरी योजना अघि बढाईदिनुहुन डिभिजन सडक कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

विकास कार्की
अध्यक्ष

निर्णय नं ५ : बागमती प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलई प्रस्ताव पेश गर्ने बारे

उपरोक्त सम्बन्धमा बागमती प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको मिति २०८२।०५।०६ गतेको सूचना बमोजिम एक वडा एक कृषि उत्पादनका लागी प्रस्ताव तथा लागत साझेदारी माग भएकोमा तपसिलबमोजिमको वडामा कार्यन्वयन हुने गरी कार्यक्रमका लागी प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमका लागी आवश्यक २० प्रतिशत लागत साझेदारी समेत व्यहोर्ने प्रतिबद्धता गर्ने निर्णय गरियो ।

तपसिल :

१. गाई पालन कार्यक्रम वडा नं १
२. बाखा पालन कार्यक्रम वडा नं ८

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत